# देवानगञ्ज गाउँपालिका
## ६ नं. वडा कार्यालय
### राजगंज, सिनुवारी, सुनसरी
१ नं. प्रदेश नेपाल

देवानगञ्ज गाउँपालिका
६ नं. वडा कार्यालय
राजगंज सिनुवारी,सुनसरी
प्रदेश नं.-१,नेपाल

## शिलबन्दी कोटेशन सम्बन्धी सूचना
**दोस्रो पटक प्रकाशित मिति २०७८/०२/२३**

यस देवानगंज गा.पा. ६ नं. वडा कार्यालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिलका योजना तथा निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावली, २०६४ को नियम ८५ बमोजिम सोझै दरभाऊ पत्र माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सोझै यस वडा कार्यालयमा दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर नगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला यस कार्यालयको नाममा रहेको NIC ASIA बैंक देवानगञ्ज शाखाको सञ्चित कोष खाता नं. २४३CA५००२१९१७००६ मा जम्मा गरेको सक्कल भौचर, निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी देवानगञ्ज गाउँपालिका वडा नं. ६ को कार्यालय, राजगञ्ज सिनुवारीबाट यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ३ औं दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात ४ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिका वडा नं. ६ को कार्यालय, राजगञ्ज सिनुवारीको नाममा सम्बोधन गरी कामको विवरण, दरभाऊ पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दर्ता गराउनु पर्नेछ ।

२ दर्ता भएका दरभाऊ पत्र ४ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाऊ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिका वडा नं. ६ को कार्यालय, राजगञ्ज सिनुवारीमा सम्बोधन गरिनेछ । दरभाउ पत्र वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र सम्बोधन गर्ने कार्यमा कुनै बाधा पर्ने छैन । दरभाउ पत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

३. दरभाउ पत्रमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४(संशोधन सहित) बमोजिम हुनेछ ।

६. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| ठेक्का नं. | योजनाको नाम | लागत जम्मा बजेट | लागत अनुमान (मु.अ.क. बाहेक) रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०७ | ६ नं वडा अन्तर्गत रहेको चौकहरुमा सोलार बत्ति जडान कार्य | ५,००,०००। | ४,६२,०००.०० | १०००/०० | |

२०७८/०२/२३
वडा सचिव
..................
नारायण कुमार मेहता
वडा सचिव